# ओमसतिया गाँउपालिका

## गाँउकार्यपालिकाको कार्यालय

हाटीफर्सटिकर रुपन्देही

५ नं. प्रदेश नेपाल

मितिः २०७५/११/१६

### शोक मन्तव्य

कास्की जिल्लाबाट प्रत्यक्ष निर्वाचन मार्फत प्रतिनिधि सभामा प्रतिनिधित्व गर्नु भएका मन्त्रिपरिषद्का सदस्य एवं संघीय सरकारको सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका मन्त्री ४९ वर्षिय माननीय रविन्द्र प्रसाद अधिकारी, यति एयरलाईन्सका प्रबन्ध निर्देशक एवं उद्दमी आङ छिरिङ शेर्पा, नेपाल नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक विरेन्द्र प्रसाद श्रेष्ठ, नेपाल नागरिक उड्डयन प्राधिकरणका निर्देशक ध्रुवदास भोछिभया, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव युवराज दाहाल, हेलिकोप्टर चालक प्रभाकर के.सी. र माननीय मन्त्रीका अंगरक्षक नेपाली सेनाका जमदार अर्जुन घिमिरेको ताप्लेजुङको फुङलिङ नगरपालिका-१०, सिस्नेभिरमा एयर डाईनेष्टीको हेलिकप्टर दुर्घटनामा परि भएको अकल्पनीय एवं असामयिक निधनले हामी अत्यन्त स्तब्ध एवं मर्माहत भएका छौ ।

यस दुर्घटनाले समग्र राष्ट्रलाई अपूरणीय क्षति पुगेको छ। राष्ट्रले देश, जनता र समृद्धि प्रति जुझारु,समर्पित र निष्ठावान जनप्रतिनिधि, उद्दमी एवं राष्ट्रसेवकहरु गुमाएको छ। माननीय मन्त्री अधिकारीको निधनबाट राष्ट्रले एउटा होनहार, प्रतिभावान र सम्भावनायुक्त नेता गुमाएको छ। नेपालको राजनीतिक वृतमा उहाँले पुऱ्याएको योगदान अतुलनीय र प्रशंनीय रहेको छ।

माननीय अधिकारी लगायत उद्दमी, राष्ट्रसेवक कर्मचारीहरु एवं हेलिकप्टर चालकको अकल्पनीय निधनले समग्र राष्ट्र यस बेला शोकमा डुबेको छ। शोकको यस घडीमा दिवंगत सबैप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै सम्पूर्ण शोकाकुल परिवार एवं आफन्तजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौ।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत
राजु नेपाल
प्रमुख प्रशासकिय अधिकृत

हिरा केवट (राहुल)
अध्यक्ष
एवं सम्पूर्ण गा.पा. परिवार
**हिरा केवट (राहुल)**
**अध्यक्ष**